सानीभेरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
२०७३

# बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६

गाउँ कार्यपलिकाबाट स्वीकृत मितिः २०७६।११।२१
अध्यक्षबाट प्रमाणीकरण मितिः २०७६।११।२६

**प्रस्तावनाः**

बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ८ को उप दफा १० एवं दफा ६१ को उप दफा (१)सँग सम्वन्धित रही एवं सानीभेरी गाँउपालिकामा बालअधिकार प्रवर्द्धन एवं बालसंरक्षणको कार्य प्रभावकारी रुपमा लागु गर्न बान्छिनीय भएको हुदाँ गाँउ कार्यपालिकावाट मिति २०७६।११।२१ गते स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।
जारी गरेको छ ।

## परिच्छेद -१ः प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ** (१) यो कार्यविधीको नाम **"बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्वन्धी** कार्यविधि **२०७६"** रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा, विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-**

(क)"ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

(ख)"कर्मचारी छनौट समिति" भन्नाले गाउँपालिका करारमा कर्मचारी छनौट गर्न गठित करार कर्मचारी छनौट तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ बमोजिमको छनौट समितिलाई जनाउँछ।

(ग) "बालकल्याण अधिकारी एवं बाल अधिकार अधिकृत" भन्नाले प्रक्रियागत रुपमा पालिकामा बालबालिकाको क्षेत्रमा काम गर्ने गरी नियूक्त गरिएको वा बालबालिकाको क्षेत्रमा काम गर्ने जिम्मेवारी प्राप्त कर्मचारीलाई जनाउनेछ ।

(घ)"समिति" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६० को उपदफा (२) बमोजिमको स्थानीय बाल अधिकार समिति एवं कार्यविधी अनुसार वडा स्तरमा गठित बाल संरक्षण समिति एवं बालअधिकार समिति सम्झनु पर्छ ।

(ङ)"बाल संरक्षण समिति" भन्नाले यसै कार्यविधि अनुसार गठन गरिएको बालबालिकाको संरक्षणका लागि टोल, विद्यालय, वडा एवं पालिकामा गठित समिति सम्झनु पर्छ ।

(च)"संस्था" भन्नाले बाल गृह, बाल सुधार गृह, पुर्नस्थापना केन्द्र, निगरानी कक्ष तथा अस्थायी संरक्षण सेवा सञ्चालनको निम्ति प्रचलित कानून बमोजिम दर्ता भई स्वीकृत विधानमा त्यस्तो सेवा सञ्चालन गर्ने व्यवस्था राखी तोकिए बमोजिम संस्थागत रूपमा बाल संरक्षण कार्ययोजना, बाल संरक्षण मापदण्ड, कार्यविधि तथा आचार संहिता स्वीकृत गरी स्थापना तथा सञ्चालन गर्न योग्य इच्छुक संस्थालाई सम्झनु पर्छ ।



नरबहादुर पुन
अध्यक्ष

(छ)"बाल गृह प्रमुख, सञ्चालक र व्यवस्थापक" भन्नाले बाल गृहको स्वीकृत विधान अनुसार बाल गृहको प्रमुख कार्यकारी अधिकार भएको व्यक्तिलाई प्रमुख, कार्यकारी समिति वा सञ्चालक समितिका अध्यक्ष लगायत सदस्यलाई सञ्चालक र प्रमुख कर्मचारीको रूपमा रही जिम्मेवारी वहन गर्ने कर्मचारीलाई व्यवस्थापक सम्झनु पर्छ।

(ज)"जोखिमपूर्ण अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनु पर्छ।

(१) अपहरणमा परेका वा हराएका,
(२) बेच विखन तथा ओसार पसारमा परेका,
(३) सडक बालबालिका वा सडकमा रहेका,
(४) जोखिमपूर्ण व्यवसाय वा काममा लागेका,
(५) अलपत्र वा बेवारीस भएका,
(६) बाल यौन दुर्व्यवहारमा परेका,
(७) बालबालिका विरूद्धको हिंसामा परेका,
(८) अपाङ्गता भएका,
(९) सुस्त मनस्थिति भएका,
(१०) एचआइभी संक्रमित भएका,
(११) प्राकृतिक प्रकोप तथा दैवी विपदमा परेका,
(१२) दूर्घटना भएका वा मानव सिर्जित विपदमा परेका,
(१३) बन्धक बनाइका वा जबरजस्ती श्रमबाट पीडित भएका,
(१४) घरेलु कामदारका रुपमा लगाइएका वा कमलरी भएका र
(१५) बाल अधिकार समितिले तोकेका अन्य बालबालिका।

(झ) "हेरचाहकर्ता" भन्नाले संस्थागत तथा वैकल्पिक हेरचाहमा रहेका बालबालिकाको प्रत्यक्ष हेरचाह वा संरक्षण कार्य गर्ने वयस्क महिला वा पुरूष सम्झनु पर्छ।

(ञ)"अनौपचारिक हेरचाह"भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायिक निकायको निर्णय वा आदेश बिना बालबालिका, बाबुआमा वा अन्य व्यक्तिको पहलमा आफ्नो व्यक्तिगत क्षमता वा हैसियत अनुसार आफन्त वा साथी वा अरूहरूले एक निश्चित अवधिसम्म पारिवारिक वातावरणमा राखेर गरिने हेरचाह सम्झनु पर्छ।

(ट)"औपचारिक हेरचाह" भन्नाले अख्तियार प्राप्त प्रशासनिक वा न्यायिक निकायको निर्णय वा आदेशमा सार्वजनिक निकाय, संस्था वा पारिवारिक वातावरणमा राखेर गरिने हेरचाह सम्झनु पर्छ।

(ठ)"सामाजिक कार्यकर्ता" भन्नाले मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य विषयमा स्नातक तह उत्तीर्ण भएको वा कुनै पनि विषयमा स्नातक उत्तीर्ण गरी कम्तीमा दुई महिनाको सामाजिक कार्यकर्ताको तालीम लिएको व्यक्ति समेतलाई बुझाउँछ।

(ड) "कार्यविधि" भन्नाले बालबालिकाको हक अधिकार संरक्षण र प्रवर्द्धन सम्बन्धी कार्यविधि, २०७६ लाई सम्झनुपर्छ।



नरबहादुर पुन
अध्यक्ष

## परिच्छेद-२

**३.स्थानीय बालअधिकार समितिको गठन, काम कर्तव्य र अधिकार**:(१)स्थानीय बालअधिकार समितिको गठन प्रक्रिया देहायबमोजिम हुनेछ :

(क) गाँउपालिकाको उपाध्यक्ष –अध्यक्ष

(ख) सामाजिक विकास समितिको संयोजक –सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत –सदस्य

(घ) शिक्षा यूवा तथा खेलकुद शाखा प्रमुख –सदस्य

(ङ) स्थानीय तहको प्रहरी प्रमुख –सदस्य

(च) स्थानीय स्वास्थ्य शाखाको संयोजक –सदस्य

(छ) सामुदायिक विद्यालयको प्र.अ हरु मध्येवाट समितिले मनोनित गरेका १ –सदस्य

(ज) बालबालिकाको क्षेत्रमा कार्यरत गै.स.स.वाट समितिवाट मनोनित १ जना–सदस्य

(झ) महिला बालबालिकातथा समाजकल्याण शाखाको प्रतिनिधी –सदस्य

(ञ) गाँउ बाल संजालवाट एक/एक जना बालक र बालिका मध्येवाट २ जना–सदस्य

(ट) महिला स्वंमसेविकाहरु मध्येवाट एक जना –सदस्य

(ठ) बालकल्याण अधिकारी(बाल अधिकार अधिकृत) –सदस्य सचिव

गाँउपालिका अध्यक्षलाई यस समितिको संरक्षकको रुपमा विशेष आमन्त्रीत गरिनेछ । बैठक कुल पदाधिकारीको कम्तीमा ५१ प्रतिशत संख्या पुगेमा बैठकले गरेका निर्णय मान्य हुनेछ ।

**४. स्थानीय बालअधिकार समितिको काम कर्तव्य र अधिकार**:

(क) समितिको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(ख) बाल संरक्षण सम्वन्धी योजना, कार्यक्रम तथा प्रगति प्रतिवेदन तयार गरी अनुमोदनका लागि गाँउ सभा एवं गाँउ कार्यपालिकामा पेश गर्ने ।

(ग) पालिका भित्र रहेका बालगृह, बाल सुधारगृह, पुर्नस्थापना केन्द्र, अस्थायी सेवा संरक्षण केन्द्र जस्ता आवासीय केन्द्र एवं सम्पुर्ण बालअधिकार सम्वन्धीका घटनाहरु अनुगमन, निरीक्षण, आवश्यक निर्देशन दिई आवश्यक सुधारका लागि पहल गर्ने ।

(घ) बाल अधिकार संरक्षण एवं प्रवर्द्धन सम्वन्धी तालिम पालिका,वडास्तर एवं सरोकारवालाहरुसँग आवश्यक समन्वय गरी गर्ने।



नरबहादुर पुन
अध्यक्ष

(ङ) बालबालिकासँग सम्वन्धीत सरकारी एवं गैर सरकारी निकायसँग आवश्यक समन्वय गरी बालबालिकाको हकहित एवं संरक्षणका विषयमा कार्यक्रम तथा स्रोत व्यवस्थापन गरी परिचालन गर्ने ।

(च) बालअधिकार संरक्षण तथा सम्वर्द्धन सम्वन्धी प्रचार प्रचार सचेतना अभिवृद्धि गर्ने ।

(छ)बालबालिका सम्वन्धी प्रतिवेदन तयार गरी असार मसान्तमा कार्यपालिका, प्रदेश बालअधिकार समिति र केन्द्रीय बालअधिकार परिषदमा पठाउने ।

(ज) समितिको दिर्घकालिन निति, योजना र कार्यक्रम स्वीकृत गर्ने ।

(झ) समिति व्यवस्थित एवं स्रोत साधन तथा जनशक्ति व्यवस्थापन पचिालन गर्ने ।

(ञ) बालमैत्री पालिका घोषणाका लागि बालमैत्री वडा घोषणामा वडा स्तरीय बाल संरक्षण समिति एवं वडा स्तरीय बालअधिकार समितिसँग आवश्यक समन्वय एवं योजना निर्माण गरी कार्यान्वयनमा जोड गर्ने ।

(ट) बालबालिकाको हक, हित तथा अधिकार संरक्षणसँग सम्वन्धित बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताका लागि अन्य आवश्यक कार्यक्रम निर्धारण गरी कार्यान्वयन गर्ने गराउने ।

(ठ) वडा स्तरीय बाल संरक्षण समिति एवं वडा स्तरीय बालअधिकार समिति गठन तालिम एवं थप क्रियासिलतामा जोड गर्ने।

(ड) बालक्लव गठन तथा परिचालन गरी सामाजिक विकृति लगायतका कार्यमा जोड गर्ने ।

(ढ) समितिले आवश्यकता अनुसार आफ्नो अधिकार बालकल्याण अधिकारी (बाल अधिकार अधिकृत) लाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ण) कार्यपालिकाको परामर्शमा अन्य एवं बालबालिका सम्वन्धी कार्य गर्ने एवं सम्वन्धीत अन्य समितिहरु सक्रिय बनाउने ।

(त)आवश्यकता अनुसार समितिको बैठक जति बेलापनि वस्न सक्नेछ र कम्तीमा वर्षको ३ पटक अनिवार्य बैठक बस्नु पर्नेछ ।

**५. वडा स्तरीय बालसंरक्षण समिति एवं बाल अधिकार समिति**

(क) वडा अध्यक्ष – संयोजक

(ख) वडा समितिका जन निर्वाचित प्रतिनिधीहरु मध्येवाट महिला सहित २ जना – सदस्य

(ग) शिक्षक एवं वडाको सवै भन्दा उच्च तहको विद्यालयको प्र.अ – सदस्य

(घ) महिला स्वास्थ कार्यकर्तहरु मध्येवाट १ जना – सदस्य

(ङ) सम्वन्धित वडामा बालबालिकाको क्षेत्रमा काम गर्ने गै.स.स.मध्येवाट १जना – सदस्य

(च) वडा शिक्षा समितिवाट १ जना – सदस्य

(छ) आदीवासी, जनजाती, अल्पसंख्यकवाट प्रतिनिधित्व हुनेगरी महिला सहित २ जना –सदस्य

(ज) सम्वन्धित वडामा रहेको प्रहरी कार्यालयको प्रमुख १ जना –सदस्य

(झ) बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा काम गर्ने व्यक्ति मनोनित १ जना –सदस्य



नरबहादुर पुन
अध्यक्ष

(च) वडा स्तरीय बाल संजालको प्रतिनिधी एवं बालक्लव प्रतिनिधी.१ जना – सदस्य

(ज) सम्बन्धित वडाको वडा सचिव -सदस्य

(छ) बालबालिकाको विषय हेर्ने कर्मचारी –सदस्य सचिव

## ६. बाल संरक्षण समिति एवं बालअधिकार समितिको काम कर्तव्य र अधिकार

(कं)विषेशहेरचाह एवं संरक्षण विहिन बालबालिकाको तथ्यांक संकलन गरी, अद्यावधिक गर्ने र पालिका, वडा एवं स्थानीय बालअधिकार समितिमा पेश गर्ने ।

(ख) सम्वन्धित वडामा बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था, बालक्लव, समुह, बाल संरक्षण समिति वा बालअधिकार समिति, मेलमिलाप केन्द्र लगायतका निकायहरुको फेहरिस्ता तयार पार्ने र यस्ता निकायहरुसँग समन्वय, सहकार्य र साझेदारी गरी बालअधिकारको संवर्द्धनात्मक र संरक्षात्मक कायहरु गर्ने गराउने ।

(ग) बालबालिकाको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान गरी स्थानीय सरकारका विभिन्न निकायहरु र विकासका साझेदार संस्थाहरुको समन्वयमा समुदायमा आधारित कार्यक्रमको तर्जुमा एवं कार्यान्वयन गर्ने, गराउने आवश्यक समन्वय गर्ने ।

(घ) बालअधिकारको संरक्षण र संम्वर्द्धनका निमित्त चेतना अभिबृद्धि, जागरण सृजना गर्ने ।

(ङ) स्थानीय संघसंस्थालाई बालबालिकाको क्षेत्रमा कार्य गर्ने उत्प्रेरणा,समन्वय साझेदारी गर्ने । कार्यक्रम संचालन गर्नको लागि आवश्यक परामर्श, सुझाव तथा निर्देशन दिने ।

(च) बालअधिकार हननका सम्वन्धमा कुनै पनि माध्यवाट जानकारीमा आएका घटना एवं उजुरीहरुलाई सम्वन्धित निकायमा सिफारिस गरी पठाउने एवं समन्वयकारी भुमिका निर्वाह गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी घटना व्यवस्थापनमा सहयोग गर्ने ।

(छ) बालबालिकाको निमित्त आकास्मिक सहयोग तथा दिगो विकासका लागि श्रोत (आर्थिक, भौतिक तथा मानवीय) व्यवस्था मिलाउने ।

(ज) बाल संरक्षणका विषयमा वकालत गर्ने र स्थानीय बालअधिकार समितिलाई बालअधिकार प्रवर्द्धन सम्वन्धी आवश्यक सहयोग गर्ने ।

(झ)शिक्षा, स्वास्थ्य लगायतका क्षेत्रका बार्षिक योजनामा समेत बालसंरक्षण सम्वन्धी भुमिका (विशेष गरी बालविवाह, हिंसा, दुर्व्यवहार, आदीको बारेमा सुचना प्रवाह तथा उजुरी ) समावेश गर्न सहजिकरण गर्ने ।

(ञ)बालसंरक्षण सम्वन्धी कार्यका लागि आवश्यक पर्ने सेवाहरु (जस्तै तत्कालका आवश्यकता परिपुर्ति, सुरक्षा आवास, बैल्पिक स्याहार, मनोविमर्श,उद्धार, पुर्नस्थापना,पारिवारी शिक्षा, कानुनी सहयता तथा उपचार, छात्रवृत्ति, आय आर्जन, आदी) को लागि सम्वन्धीत पालिका/वडावाटै वा अन्य सरकारी एवं गैरसरकारी सेवा प्रदायक वा निजी क्षेत्रवाट परिचालन गर्न सकिने गरी सुचिकरण तथा सिफारिसको प्रवन्ध मिलाउने ।



नरबहादुर पुन
अध्यक्ष

(ट)अनधिकृत व्यक्ति, संस्था तथा निकायले बालबालिकाको दिर्घकालिन प्रभाव पर्ने विषयमा आफुखुसी निर्णय गर्ने वा घटना लुकाउने जस्ता कार्यहरु हुन नदिन नियमित अनुगमन गर्ने

(ठ) बालबालिकासँग सम्वन्धीत दिवशहरु पालिका/ वडास्तरीय निकायहरुसँगको समन्वयमा मनाउने ।

(ड)वडा बाल संरक्षण समिति वा वडा स्तरीय बालअधिकार समितिहरु, बालक्लव, संजालहरु एवं सरोकारवालाहरु र पालिका/वडाबीच समन्वय सहकार्य र सम्पर्क गर्ने ।

(ढ)बालमैत्री वडा घोषणाका लागि आवश्यक पहल गर्ने एवं स्थानीय बालअधिकार समितिसँग आवश्यक परामर्श गर्ने ।

(ण) वडामा बालबालिकासम्वन्धी सम्पन्न कार्यक्रम कार्यान्वयनको प्रगति स्थानीय बालअधिकार समितिमा पेश गर्ने ।

**<u>७. बालक्लव तथा संजाल गठन एव परिचालनः</u>** विद्यालय, समुदाय एवं वडा र गाँउपालिका स्तरीय बाल संजाल गठन गरी परिचनल गर्न पालिका परित बाल क्लव/सञ्जाल गठन तथा सहजिकरण निर्देशिका २०७४ अनुसार गर्ने ।

## परिच्छेद-३ः बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत)सम्बन्धी व्यवस्था

**८. बालकल्याण अधिकारी (बाल अधिकार अधिकृत) को नियुक्तिः** बालबालिका सम्वन्धी ऐन २०७५को दफा ६१ को उपदफा (१) बमोजिम प्रत्येक स्थानीय तहमा रहने एक जना बाल कल्याण अधिकारी, स्थानीय बाल अधिकार समितिका सदस्य-सचिव को रुपमा कार्य गर्न बाल कल्याण अधिकृतको व्यवस्था गर्न सकिनेछ।

२) बाल कल्याण अधिकृतको नियुक्ति, सेवा शर्त सुविधा र कार्य विचरण सम्बन्धी व्यवस्था गाउँपालिकाको करार कर्मचारी छनौट र व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ र गाउँ कार्यपालिकाको निर्णयानुसार हुनेछ।

३) बाल कल्याण अधिकृतको योग्यता देहायबमोजिम हुनेछ।

(क) नेपाली नागरिक,

(ख)मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तीमा कानून वा सामाजिक कार्य वा सामाजिक अध्ययन विषयमा स्नातक वा कुनै पनि विषयमा स्नातक उपाधि हासिल गरी बाल अधिकार, बाल संरक्षण, बाल कल्याण तथा बाल न्यायको क्षेत्रमा रही काम गरेको कार्यनुभव भएको,

(ग) पच्चीस वर्ष उमेर पूरा भएको, पैचालिस वर्ष ननाघेको,

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको,

(ङ) बाल अधिकार हनन् तथा भ्रष्टाचारको कसूरमा सजाय नपाएको,

(च) सरकारी निकाय तथा अर्धसरकारी निकायसँग कुनै बांकी वक्यौता नरहेको,



नरबहादुर पुन
अध्यक्ष

(छ) नियुक्ति हुँदाको बखत राजनीतिक दलको सदस्य नरहेको ।

**९. कार्य सम्पादन सम्झौता गर्नु पर्नेः** (१) गाउँपालिकाले कर्मचारी छनौट समितिको सिफारीसमा नियुक्त बाल अधिकार अधिकृत) पदमा नियुक्त व्यक्तिसँग नियुक्ति पाएको पैंतीस दिनभित्र अर्थात प्रत्येक आर्थिक वर्षमा १ पटक कार्य विभाजन गरी कार्य सूचकहरु समेत निर्धारण गरी कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

(२) उप दफा (१) बमोजिमको कार्य सम्पादन सम्झौतामा अन्य कुराको अतिरिक्त देहायको विषय उल्लेख गर्नु पर्नेछः-

(क) बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) ले गर्नु पर्ने काम, कर्तव्य र पूरा गर्नु पर्ने जिम्मेवारी,

(ख) निजले पेश गरेको प्रस्तावमा उल्लिखित समितिको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी बाल अधिकार संरक्षण र प्रवर्धन वा बाल कल्याण कार्ययोजनाको विवरण र सोको समय सीमा,

(ग) खण्ड (क) र (ख) बमोजिमको कार्य सम्पादन वा प्राप्त उपलब्धि मापन गर्ने सूचकाङ्क वा आधार,

(घ) कार्य सम्पादनको गुणस्तर मापनका अन्य आधार ।

**१०.कार्य सम्पादन सम्झौता प्रगति प्रतिवेदनको मूल्याङ्कन** (१) कार्यपालिका समक्ष प्राप्त हुन आएको प्रगति प्रतिवेदनको मूल्याङ्कन गर्न समितिले एक उपसमिति गठन गर्नेछ ।

(२) उप दफा (१) बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) को वार्षिक अवधिमा सम्पादन भएको कामको परिमाण, लागत, उपलब्धि र गुणस्तर सम्झौतामा उल्लेख भए बमोजिम भए नभएको मूल्याङ्कन गरी उपसमिति कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उप दफा (२) बमोजिम प्राप्त हुन आएको प्रगति प्रतिवेदनमा काबु बाहिरको परिस्थिति बाहेक कार्य सम्पादन सम्झौता बमोजिम कार्य सम्पादन नभएमा वा अन्य कुनै अनैतिक कार्य गरेमा सम्बन्धित कार्यपालिकाले सेवाबाट अवकास दिनेसम्मको आवश्यक कारबाही गर्न सक्नेछ ।

तर यसरी अवकास दिनु भन्दा पहिले बाल कल्याण अधिकारी (बालअधिकार अधिकृत)लाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

**११.काम, कर्तव्य र अधिकारः (१)बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत) को काम, कर्तव्य र अधिकार बालबालिका सम्वन्धी संघिय ऐन, नियमावली र यस कार्यविधी अनुसार देहाय बमोजिम हुनेछः-**

(क) गाँउकार्यपालिका, स्थानीय बाल अधिकार समितिको निर्णय एवम् निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ख)स्थानीय सरकारबाट स्वीकृत नीति र योजना अनुरुप समितिको वार्षिक कार्यक्रम र वजेट तर्जुमा तथा सोको प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा पेश गर्ने ।

(ग)स्वीकृत राष्ट्रिय, प्रादेशिक र स्थानीय नीति एवं योजना अनुरुप वार्षिक कार्यक्रम र वजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तहलाई सहयोग गर्ने ।

(घ)बालबालिका तथा बाल अधिकार सम्बन्धी समग्र स्थानीय तथ्याङ्क संकलन तथा प्रशोधन गरी, गराई बालबालिका सम्बन्धी स्थानीय वार्षिक स्थिति प्रतिवेदन तयार गरी समितिको स्वीकृतिले प्रकाशन गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र यसको एक,एक प्रति प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद् समक्ष पेश गर्ने ।



नरबहादुर पुन
अध्यक्ष

(ङ)स्थानीय तहमा बालबालिका क्षेत्रमा कार्यरत व्यक्ति तथा निकायहरुलाई समन्वय, सहकार्य एवं परिचालन गर्ने ।

(च)आन्तरिक धर्मपुत्र धर्मपुत्री लिने दिने व्यक्तिलाई स्थानीय बाल अधिकार समितिमा सूचीकृत गर्ने र लिखत तयार गर्न सहयोग गर्ने ।

(छ)आन्तरिक धर्मपुत्र धर्मपुत्री, संरक्षक नियुक्त तथा तोक्ने कार्यमा सम्बन्धित निकायलाई सहयोग तथा सहजीकरण गर्ने ।

(ज) स्थानीय तहभित्र सञ्चालनमा रहेका बाल गृह, बाल सुधार गृह, पुनर्स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा केन्द्र, निगरानी कक्ष जस्ता आवासीय संरक्षण गृहको अनुगमन तथा निरीक्षण गर्ने, निर्देशन दिने तथा पृष्ठपोषण गर्ने र बन्द गर्न आवश्यक भएमा कार्यपालिका एवं सम्वन्धीत निकायमा सिफारिस गर्ने ।

(झ)बालबालिकाको हक हितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी स्थानीय तहको दीर्घकालीन नीति र योजना तर्जुमा गरी समितिको बैठकमा पेश गर्ने ।

(ञ)समितिसँग सम्बन्धित मुद्दा मामिलाको सन्दर्भमा अदालत तथा न्यायिक समिति वा निकायलाई जवाफ तथा प्रतिउत्तर दिने ।

(ट)बालबालिकाको सर्वोत्तम हितका निम्ति नेपाल प्रचलित कानून, बाल संरक्षण नीति, मापदण्ड तथा बालमैत्री समाज स्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय, सहयोग, सहजीकरण तथा सहकार्य गर्ने ।

(ठ)कार्य सम्पादन सम्झौता बमोजिमको कार्य प्रगति प्रत्येक छ, छ महिनाको अवधिमा सम्बन्धित स्थानीय तहको कार्यपालिका समक्ष पेश गर्ने ।

(ड) बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा योजना निर्माण गरी कार्यन्वयनमा जोड गर्ने ।

(ढ) बाल संरक्षण सम्वन्धी वडा स्तर सम्म बाल संरक्षण समिति एवं बालक्लव गठन र परिचालन प्रभावकारी रुपमा गर्ने गराउने ।

(ण) संरक्षण विहिन एवं जोखिममा परेका बालबालिकाको हेरचाहकर्ताको लागि प्रवन्ध मिलाउने ।

(त) सामाजिक कार्यकर्तालाई बालअधिकार प्रवर्द्धन कार्यमा जोड गर्ने गराउने ।

(थ) बालबालिकालाई हितका लागि बालगृह एवं संरक्षण केन्द्र तथा आवश्यकता अनुसार सिफारिस गर्ने ।

(द) बालबालिकासँग सम्वन्धीत सम्पुर्ण कार्य प्रमुख प्रशासकिय अधिकृतसँग आवश्यक समन्वय गर्दै सिफारिस गर्ने ।

(ध) स्थानीय बालअधिकार समितिको प्रशासकिय प्रमुख भई कार्य सम्पादन गर्ने ।

(न) गाँउ कार्यपालिका एवं समितिबाट प्रत्यायोजित अन्य काम गर्ने गराउने ।

(१)अन्य कार्यः बाल कल्याण अधिकारी (बाल अधिकार अधिकृत), स्थानीय बाल अधिकार समिति र अख्तियार प्राप्त अन्य निकायले वैकल्पिक हेरचाह प्रदान गर्ने व्यक्ति, परिवार, संस्था तथा निकायको नियमित अनुगमन गरी देहायमा उल्लेख गरिएका समेतका सेवा तथा हकअधिकारबाट कुनै पनि बालबालिका बञ्चित नभएको सुनिश्चित गर्ने कार्यमा पहल गर्नुपर्नेछ-

(क) जन्मदर्ता,

(ख) विद्यालय उमेरका बालबालिकालाई औपचारिक शिक्षा,

(ग) सरकारबाट प्रदान गरेको छात्रवृत्ति,

(घ) स्वास्थ्य सेवा र स्वास्थोपचार,

(ङ) सरकारबाट प्राप्त भएको सामाजिक सुरक्षा सहयोग,



नरबहादुर पुन
अध्यक्ष

(च) आफ्नो जाति, धर्म र सँस्कृति अनुसार चाडपर्व मान्ने तथा सांस्कृतिक गतिविधिमा सहभागी हुन पाउने अधिकार,

(छ) स्थानीय तहबाट प्राप्त हुने सेवा तथा सुविधा,

(ज) बढ्दो उमेर, परिपक्वता तथा विकासको अवस्था अनुसार परिवार, समुदाय, स्थानीय तह, जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरमा सहभागी हुन पाउने अधिकार,

(झ) प्रचलित कानून, नीति, योजना तथा कार्यक्रमबाट प्राप्त हुने सवै अवसर तथा सुविधा ।

(ञ) विद्यालय शान्ति क्षेत्र सम्वन्धी कार्य,

(ट) बाल अधिकार हननका घटना,

(ठ) बालविवाह न्यूनिकरण सम्वन्धी सचेतना एवं ठोस कार्ययोजना निर्माण एवं कार्यान्वयन ।

## परिच्छेद ४ः विविध

**१२. बचाउः** बालबालिकाको हक, हित र प्रवर्द्धनका लागि यस अघि गाउँपालिकाबटा भएका कार्यहरु यसै कार्यविधि अनुसार भएका मानिनेछन।

**१३ःअमान्य हुनेः** यस कार्यविधिमा भएका प्रावधानहरु संघीय र प्रदेश कानुन तथा प्रचलित कानिन सँग बझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।



नरबहादुर पुन
अध्यक्ष